देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८३/०८४
च.नं. ६४

मिति : २०८३/०४/२०
ने.सं. : ११४६ दिल्लागा ससमी

श्री सहकारी संस्थाहरु सबै
(देवदह नगरपालिकाको नियमन क्षेत्राधिकारभित्रका)

**विषय : सहकारी संस्थाहरुलाई जारी गरिएको निर्देशन ।**

प्रस्तुत विषयमा सहकारी संस्था स्थापना तथा संचालनको सम्बन्धमा संघ सरकारको सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५, लुम्विनी प्रदेश सरकारको सहकारी ऐन २०७६ तथा सहकारी नियमावली २०७६ र देवदह नगरपालिकाको नगर सहकारी ऐन, २०७४ कार्यान्वयनमा रहेका छन् ।भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सहकारी विभाग, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी नियमन प्राधिकरण लगायतका विभिन्न सरकारी निकायहरुबाट सहकारी संचालन तथा व्यवस्थापन सम्बन्धी विभिन्न मापदण्ड तथा निर्देशनहरु जारी भएका छन् । यसै सन्दर्भमा यस नगरपालिकाको नियमन क्षेत्राधिकारभित्रका सहकारी संस्थाहरुमा देहाय बमोजिमको कार्य गर्नु गराउनुहुन यो निर्देशन जारी गरिएको छ।

**तपसिल**

१. संस्थाको सम्पूर्ण शेयर सदस्यहरुको विवरण, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा अन्य उपसमितिका सदस्यहरुको विवरण, वार्षिक साधारण सभा, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा अन्य उपसमितिको बैठक तथा निर्णय, मासिक, चौमासिक तथा बार्षिक प्रतिवेदन COPOMIS प्रणालीमा प्रविष्टि तथा अद्यावधिक गर्ने।

२. बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुले वित्तीय कारोबार सञ्चालनको लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट इजाजत पत्र लिनुपर्ने व्यवस्था अनुरुप हालसम्म नलिएको भए सहकारी ऐन २०७४ (संशोधन-२०८३ समेत) को दफा १६क. बमोजिम तोकिएको अवधिभित्र इजाजत पत्र लिनुहुन।

३. आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र संस्थाको समष्टिगत विवरण तयार गरी COPOMIS प्रणालीमा प्रविष्टी गर्ने ।

४. संस्थाको वार्षिक साधारणसभाबाट निर्णय भए बमोजिम छनौट भएको लेखा परीक्षकबाट अनिवार्य रुपमा असोज मसान्तभित्र लेखा परीक्षण सम्पन्न गर्ने । बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुले PEARLS तथा MCI का सूचकहरुको विश्लेषण गरी लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्ने।

मधुकृष्ण पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८३/०८४
च.नं. ६४

मिति : २०८३/०४/२०
ने.सं. : ११४६ दिल्लागा ससमी

५. सहकारी ऐन नियममा उल्लेख भए बमोजिमको प्रक्रिया अवलम्वन गरी कम्तिमा ५१ प्रतिशत शेयर सदस्यको भौतिक उपस्थितिमा मात्र साधारण सभा सञ्चालन गर्ने । पहिलो पटक बालाइएको साधारण सभामा गणपुरक संख्या नपुग भएमा साधारण सभाको बैठक स्थगित गरी ७ दिनभित्र अर्को साधारण सभाको बैठक हुने मिति र समय तोकी सूचना जारी गर्ने र यसरी बोलाइएको साधारण सभाको बैठकमा संचालक समितिको बहुमत सहित कम्तिमा एकतिहाइ शेयर सदस्यको उपस्थितिमा साधारण सभा सञ्चालन गर्ने ।

६. सहकारी ऐन नियममा तोकेको समयभित्र सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने।

७. सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र व्यवस्थापकको फोटो सहितको तीनपुस्ते विवरण प्रमाणित गरी यस कार्यालयमा पेश गर्ने ।

८. सञ्चालक समिति र लेखा सुपरीवेक्षण समिति र अन्य उपसमितिको सहकारी ऐन नियममा तोके बमोजिम नियमित रुपमा बैठक बस्ने, छलफल गर्ने र सहकारी संस्थाको हीत बृद्धि हुने निर्णयहरु गरी कार्यान्वयन गर्ने ।

९. बार्षिक बजेट तथा कार्यक्रमको तर्जुमा र संस्थाको बजेट तथा कार्यक्रम साधारण सभाबाट स्वीकृत गरेर मात्र संस्थाको कामकारबाही अगाडि बढाउने ।

१०. सहकारी संस्थाको आय-व्यय, नाफा-नोक्सान, बचत संकलन तथा ऋण लगानीको लेखाङ्कन तथा व्यवस्थापनलाई विश्वसनीय र पारदर्शी बनाउन प्रविधिको प्रयोग गर्ने । Online मा आधारित Software System को उपयोग गरी Software Audit गर्ने व्यवस्था मिलाउने ।

११. संस्थाको ऋण लगानी तथा असुली प्रक्रियालाई व्यवस्थित बनाउने । ऋणको वर्गीकरण गरी तोकिएको प्रतिशतको रकम अनिवार्य रुपमा ऋण जोखिम कोषमा व्यवस्था गर्ने ।

१२. सहकारी संस्थामा कार्यरत कर्मचारीहरुको व्यक्तिगत विवरण दुरुस्त राख्ने व्यवस्था मिलाउने । कर्मचारीलाई नियुक्ति पत्र र स्पष्ट कार्य विवरण (TOR) प्रदान गरेर मात्र काममा लगाउने ।

१३. योगदान र कारोबारको आधारमा संरक्षित पूँजी फिर्ता कोषको रकमलाई शेयर लाभांसमा नजोडि कानून बमोजिम फिर्ता गर्ने व्यवस्था मिलाउने ।संरक्षित पूँजि फिर्ता कोष, शेयर लाभांस कोष र कर्मचारी बोनस कोषमा रहेको रकम प्रचलित ऐन नियम बमोजिम सम्बन्धित आर्थिक वर्षमा खर्च हुन नसकेको खण्डमा सो रकम जगेडा कोषमा स्थानान्तरण गर्ने व्यवस्था मिलाउने ।

मधुकृष्ण पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८३/०८४
च.नं. ६४

मिति : २०८३/०४/२०
ने.सं. : ११४६ दिल्लागा सप्तमी

१४. नेपाल राष्ट्र बैंकमा रहेको वित्तीय जानकारी इकाइमा आवद्ध भइ सीमा कारोबार प्रतिवेदन (TTR), शंकास्पद कारोबार प्रतिवेदन (STR) र शंकास्पद गतिविधि प्रतिवेदन (SAR) तोकिएको समयभित्र पेश गरी सोको जानकारी यस कार्यालयमा पेश गर्ने ।

१५. सबै सहकारी संस्थाहरुले आफ्ना शेयर सदस्यहरुलाई प्रदान गर्ने सेवाको सन्दर्भमा सदस्य वडापत्र तयार गरी सबै शेयर सदस्यले देखे गरी उपयुक्त स्थानमा राखे र सोही बमोजिम सदस्यहरुलाई सेवा प्रदान गर्ने ।

१६. नेपाल सरकार, राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी गरिएको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड-२०८२ को पालना गर्ने ।

१७. नेपाल सरकार, राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट विभिन्न मितिमा जारी गरिएका निर्देशनहरुको पालना गर्ने ।

१८. नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, सहकारी विभागबाट जारी गरिएका निर्देशनहरुको पालना गर्ने ।

१९. सहकारी संस्थाका सन्दर्भमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन एवं मापदण्डहरुको पालना गर्ने ।

२०. माथि उल्लेख नभएका सन्दर्भमा सहकारी सम्बन्धी प्रचलित ऐन, नियम अनुसार सहकारी संस्थाहरु सञ्चालन तथा व्यवस्थापन गर्ने ।

..........................
(मधुकृष्ण पौडयाल)
प्रमुख प्रशासकीय अधिकृत

मधुकृष्ण पौड्याल
प्रमुख प्रशासकीय अधिकृत